२०७४ साल चैत्र २१ गते बुधबार विहान ०९.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं १/८/२०७४-१२-२० को स्थानीय तहको कानून तर्जुमा विधेयक, २०७४ को प्रस्ताव - मन्त्रिपरिषदको प्रशासन तथा विधेयक समितिमा छलफल का लागि पठाउने ।उक्त समितिबाट प्रतिवेदन सहित मन्त्रिपरिषदमा पेश गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको १/९/२०७४-१२-२० को प्रदेश नीति तथा योजना आयोग, २०७४ गठन सम्बन्धी प्रस्ताव - परिमार्जन गरी स्वीकृत गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको १/१०/२०७४-१२-२० को अन्तर सरकारी वित्त परिषदको सदस्यमा प्रदेश नं ४ बाट पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख श्री मान बहादुर जि.सी र धौलागिरी गाउँपालिका म्याग्दीका अध्यक्ष श्री थमसरा पुनलाई सिफारिस गर्ने प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको २/१०/२०७४-१२-२० को स्थानीय तहको सभा संचालन सम्बन्धी कार्यविधि विधेयक, २०७४ को मस्यौदा स्वीकृति सम्बन्धी प्रस्ताव - मस्यौदा स्वीकृत गरी प्रदेशसभामा पेश गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयको ६/१/२०७४-१२-२० को प्रादेशिक प्रशासनिक तथा सरकारी निवासको संरचनाको प्रतिवेदन स्वीकृति सम्बन्धी प्रस्ताव - प्रतिवेदनलाई स्वीकृति गरी कार्ययोजना सहित कार्यान्वयनका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने ।

६. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ५/१/२०७४-१२-२० को दुग्ध विकास वोर्ड गठन विधेयक, २०७४ को मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने प्रस्ताव - विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।